नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सिंहदरवार, काठमाडौं

# प्रेस विज्ञप्ती

मिति २०७३।५।१ गते ११.४५ वजे

आज भारतका महामहिम राजदूत रंजित रायले भौतिक पूर्वाधार तथा यातायात मन्त्री माननीय रमेश लेखकसंग शिष्टाचार भेट गर्नु भयो । सो भेटघाटको कममा महामहीम राजदूतले नेपाल भारत वीचको ऐतिहासिक लामो सौहार्दपूर्ण सुसम्वन्ध र आपसी सहयोगको आदान प्रदानलाई निरन्तरता दिइने कुरामा प्रकाश पार्नु भयो । यसै कममा नेपालमा सडक सुधार आयोजनाहरुको निरन्तरता लगायत हुलाकी सडकमा भारतीय सहयोगको प्रतिवद्धता साथै भारतीय सहयोगमा नेपालको पूर्वी तराईमा निर्माणाधीन रेलमार्ग र यसका सर्भेक्षणका साथै अन्य आयोजनाहरुमा समेत तदारुकता दिइने कुरामा जोड दिइएको र नेपाल भारत वीच सुदूर पश्चिमको केही सीमानामा मोटरेवल पुलहरु निर्माण गर्ने सम्वन्धमा छलफल भयो ।

माननीय मन्त्रीज्यूवाट दुई देश वीचका आपसी सम्वन्ध तथा नेपालका खासगरी पूर्वाधार विकासका क्षेत्रमा भारत सरकारको महत्वपूर्ण सहयोगका लागि धन्यवाद दिँदै हुलाकी सडक आयोजनाका केही खण्ड नेपाल आफैले बनाउने कुरामा समेत विस्तृत छलफल भयो ।

२०७३।५।१

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सिंहदरबार, काठमाडौं

प्रेस विज्ञप्ती

मिति २०७३।५।१ गते २.०० बजे

आज संयुक्त राज्य अमेरिकाका महामहिम राजदूत एलिएना वी. टेप्लीजले भौतिक पूर्वाधार तथा यातायात मन्त्री माननीय रमेश लेखकसंग शिष्टाचार भेट गर्नु भयो । सो भेटघाटको क्रममा महामहीम राजदूतले नेपाल र अमेरिका वीचको सन् १९४७ देखिको लामो दौत्य सम्वन्ध र आपसी सहयोगको आदान प्रदानलाई निरन्तरता दिइने कुरामा प्रकाश पार्नु भयो । यसै क्रममा Millennium Challenge Corporation (MCC) को वारेमा छलफल अगाडि वढाउनु भयो ।

माननीय मन्त्रीज्यूवाट दुई देश वीचका आपसी सुसम्वन्ध तथा नेपालको विकास प्रयासमा अमेरिकी सरकारको सहयोगका लागि धन्यवाद दिदै आगामी दिनहरुमा समुचित सहयोगको अपेक्षा गर्नु भयो । साथै Millennium Challenge Corporation (MCC) को कोष परिचालनले खासगरी यातायातको क्षेत्रमा पुग्न जाने महत्वपूर्ण योगदानवाट नेपाल अझै लाभान्वित हुने कुरामा विश्वास जनाउनु भयो ।

२०७३।५।१